## मधेश प्रदेश सरकार

# भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## आ. व. २०८०/८१ को नीति तथा कार्यक्रम

१. कृषि उपज बजारीकरण गर्नका लागि पालिकास्तरमा साना कृषि वजार प्रवर्धन केन्द्रहरु, निर्वाचन क्षेत्र तहमा कोड स्टोर (Cold Store) को सुविधा सहित कृषि उपज संकलन (Collection Centre) तथा विक्री वितरण स्थल निर्माण गर्न पालिकासँग समन्वय गरी वजार विकास गरिनेछ।

२. किसानलाई पशुपंछी सम्वन्धी निःशुल्क औषधी तथा खोप सेवा प्रदान गर्ने, हरेक जिल्लामा भेटेरिनरी एम्वुलेन्स सेवा प्रदान गर्दै प्रत्येक घरमा एक भैसीं/गाई/वाख्रा अभियानको रुपमा संचालन गर्ने तथा दुध र मासुजन्य उत्पादनमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गरिनेछ।

३. मलको आवश्यकता पुरा गर्नको लागि रसायनिक मलको आपूर्ति वितरण प्रणाली व्यवस्थित र सुदृढिकरण गर्दै, प्रदेश भित्रका वडा स्तरमा प्राङ्गारिक मल, जैविक मल तथा भर्मिकम्पोष्टको आन्तरिक उत्पादन र वितरण केन्द्र, प्रयोगलाई प्रोत्साहन र माटो स्वास्थ्य जाचँ सेवा विस्तार तथा मल परिक्षणलाई प्रभावकारी बनाउन प्रत्येक वडास्तरमा माटो परिक्षण (Soil Testing Kit) सेवा विस्तार गरिनेछ।

४. सिँचाइ प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणद्वारा प्रदान गरिँदै आएको सहुलियतपूर्ण महशुल दरको विद्युत सिचाई मिटर जस्तै सुविधा पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती आदि कृषिमा आधारित अन्य उद्योगहरुलाई समेत उपलब्ध गराउन आवश्यक पहल गरिनुका साथै हरेक खेतमा सिंचाई सुविधा बढाउन कृषि विद्युतिकरणमा विस्तार, निःशुल्क कृषि मिटर, चुरे संरक्षण लगायत सबै सिंचाईका माध्यमहरु सतही र भुमि जललाई प्रयोग विस्तार गरिनेछ।

५. कृषि पर्यावरणमा आधारित पर्यटन (Agro-tourism) तथा आधुनिक कृषि प्रविधिको परीक्षणका नमुना कार्यक्रम, कृषि यान्त्रीकरणलाई कृषक समक्ष सहज रुपमा पुर्याउन पालिका तहमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मोडेलमा Custom Hiring Centre हरुको स्थापना गरी संचालन गरिनेछ।

६. कृषि प्रसारलाई अझ प्रभावकारी बनाउदै सम्पुर्ण खेती योग्य जमिनलाई कृषि कार्यमा ल्याउने, वगर खेती प्रणाली, वहु-वाली प्रणाली, अन्तरवाली प्रणाली, सहकारीमार्फत प्राविधिक सेवा र उत्पादनमुखी वनाउन नयाँ प्रविधिहरु सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मोडेलमा रोल मोडेल (Role Model) फार्महरु विकास गरी कृषकलाई प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ।

७. वालीहरुको सघन क्षेत्र छनौट गरी प्रत्येक जिल्लामा वाली विशेष उत्पादन (Crop Zone) तथा चकलावन्दी खेती प्रोत्साहन कार्यक्रम मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिनुका साथै वागवानी तर्फ कृषि पूर्वाधारहरुको प्रयोगमा विस्तार गरी आधुनिक कृषि प्रविधिहरुलाई विस्तार र बढी आयात हुने तरकारी तथा फलफूलको आयात प्रतिस्थापन गर्न उत्पादन कार्यक्रमहरूलाई प्राथमिकताका साथ संचालन गरिनेछ।

८. रसायनिक विषादीको असर न्युनिकरण गर्न कृषकहरुलाई प्राँगारिक/जैविक विषादी (Bio-pesticides) प्रयोगमा प्रोत्साहन गर्ने तथा IPM प्रविधिहरुको प्रचार प्रसार र प्रयोगमा क्षमता विकास वालीनाली , पशुपन्छी तथा मत्स्यका महामारी रोगहरुको प्रकोप फैलिन नदिन घुम्ती सेवा सहितको रैपिड रिस्पोन्स टिम समेत परिचालन गर्नुका साथै आवश्यकता अनुसार संघ र स्थानिय तहहरु सँग समन्वय गरि प्राविधिक टोलीद्धारा आकस्मिक व्यवस्थापन तथा जोखिम न्युनिकरण गर्न पहल गरिनेछ ।

९. मुख्यमन्त्री कृषक उत्थान कार्यक्रम, प्रस्तावमा आधारित नव प्रवर्तनय कृषि, दुध तथा मासु मिसन जस्ता कृषि उद्यमीहरुलाई उच्च उत्पादन (High Yield) कृषि उत्पादनमा प्रोत्साहन, कम तौल तथा उच्च मुल्य जस्ता उत्पादनहरु (मह/ च्याउ/ केशर/ मरिच/ मखान आदि)लाई विदेश निर्यात कार्यक्रममा प्रोत्साहन गर्दै व्यवसाय प्रवर्धन गरिनेछ।

१०. वीउ विजनको सहज आपूर्ति, खरिद विक्री तथा वितरण प्रणालीलाई सवल गर्न वीउ प्रशोधन तथा भण्डारणलाई प्रोत्साहन गर्दै कृषकलाई सहज रुपमा वीउवीजन/विरुवा तथा वेर्ना उपलव्ध गराउनेछ ।

११. कृषि उद्योगमा आधारित उत्पादन विस्तार गर्न कृषि उद्योगहरुको स्थापनामा प्रोत्साहन गर्दै कृषि आपुर्ति श्रृंख्ला (Supply Chain Management) मार्फत कृषि उपजको बजार सुनिश्चिता गर्न काठमाडौं लगायत देशका विभिन्न ठुला शहरमा विक्री प्रवन्ध विकास गरिनेछ।

१२. कृषि उपजहरुको न्युन्तम समर्थन मुल्य (Minimum Support Price) कायम गर्ने, वडास्तरमा दुध संकलन केन्द्र स्थापना, दुधालु पशु व्यवस्थापनका लागि Milch Animal Identification and Traceability प्रविधिको प्रयोग, विभिन्न बालीहरूको उत्पादन उपरान्त हुने क्षति न्यूनिकरण गर्नको लागि आधुनिक पोष्टहार्भेस्ट प्रबिधिहरुको प्रयोगमा विस्तार गरी कृषिवस्तु /फलफुल/दुध/माछामा आत्मनिर्भर कार्यक्रम तर्जुमा गरिनेछ।

१३. किसान परिचय पत्रलाई प्रभावकारी प्रयोगमा ल्याउने, किसान पेन्सन योजना तथा कृषिमा आधारित कर्जालाई शुलभ तथा सहुलियत ( Easy and Subsidized Loan) प्रदान गर्न आवश्यक निति प्रवर्धन गरिनेछ।

१४. किसानहरुको वालीवस्तु तथा पशुधनको संरक्षण गर्नका लागि कृषि तथा पशुपंछी विमा कार्यक्रमलाई वडास्तर सम्म प्रभावकारी रुपमा प्रचार प्रसार गरी विमा लागु गरिनुका साथै क्षतिपुर्ति व्यवस्थापनका लागि प्रत्येक जिल्लामा विमा सहयता एकाईको व्यवस्था गरिनेछ।

१५. कृषि स्नातक उतिर्ण प्राविधिकहरुलाई कृषि प्रसारसँग जोड्न तथा मन्त्रालय मातहातका कार्यालयहरुमा प्राविधिक जनशक्ति अभावलाई व्यवस्थापन गर्न सम्पूर्ण कार्यालयहरुमा एक-एक जना प्राविधिकलाइ एक वर्षको लागि (On Job Training/ Intern) परिचालन मार्फत कृषि शिक्षा तथा प्रसारमा साझेदारी गरी घर घरमा कृषकहरुलाई सहज प्राविधिक सेवा प्रदान गरिनेछ।

१६. संघिय सरकारको समन्वयमा गुणस्तरीय उन्नत नक्ष्लका पशुपन्छी तथा मत्स्य बीज, सिमेन आदिको श्रोत केन्द्र, क्रायो बैंकको स्थापनार्थ आनुवांशिक श्रोतहरुको आयात/आपूर्तिको लागि पहल गरिनुका साथै कृत्रिम गर्भाधान सेवालाई थप प्रभावकारी बनाउन स्थानिय तहको समन्वयमा एक वडा एक सामुदायिक कृत्रिम गर्भाधान केन्द्र स्थापना गरिनेछ।

१७. स्थानिय तहको समन्वयमा गुणस्तरीय प्राविधिक सेवाको पहुँच बढाउन तथा रोजगारीको अवसर श्रृजना गर्न एक वडा एक एग्रोभेट संचालन, बेरोजगार रहेका कृषि प्राविधिकहरु, भेटेरिनरीयन, पाराभेटेरिनरीयन तथा ग्रा.प.स्वा.का/मत्स्य प्राबिधिकलाई आवश्यक पर्ने यन्त्र, उपकरण प्रदान गरिनुको साथै प्रदेशवाट किसान कल सेन्टर, कृषि स्रोत केन्द्रहरु (Agricultural Excellence Centre), कृषि अनुसन्धान (NARC तथा अन्य संघ संस्थाहरु) , कृषि शिक्षालयहरु र कृषि पत्रकारिताहरु वीच समन्वय गरी कृषि प्रसार प्रभावकारी रुपमा अगाडि बढाउने गरिनेछ।

१८. कृषि क्यालेन्डर, कृषि कार्यका लागि मौसम वुलेटिन, कृषि सम्वन्धी आधुनिक पुस्तकालय, कृषि संग्राहलय व्यवस्थापन र किसानको मनोवल उच्च गर्न किसान उत्पादन तथा औजार उपकरण प्रदर्शनी मेला आयोजना साथै उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ ।

१९. मन्त्रालय तथा मातहतका कार्यालयहरुलाई उच्च प्रविधि मैत्री वनाउन (IP & Bio-metric Supported System) प्रणालीको अवलम्वन गरी सेवा ग्राहीलाई समेत Digital Service/ E-governance मार्फत सेवाप्रवाहमा जोडिदै लगिनेछ।

२०. खेती प्रणालीलाई Digital System संग जोडिदै Geographic Information System (GIS) र Satellite Sensing प्रविधिको उपयोग गरि प्रदेशको कृषि भू-उपयोगको अवस्था अध्यावधिक गर्ने, App को प्रयोग गरी कृषि सूचना प्रणालीको प्रयोग जस्ता कार्यमा सम्बन्धित प्राविधिकहरुको दक्षता विकास गर्न तालिम प्रदान गर्नुका साथै अनुसन्धान संस्था, प्राज्ञिक, प्राविधिक शोधकर्तालाई प्रोत्साहित गरिनेछ।

२१. प्रदेशमा संचालित कृषि, पशुपन्छी र मत्स्य सम्बन्धी प्राविधिक सेवाटेवा प्रवाहको प्रभावकारिता बढाउन प्रदेश सरकारको निकायहरु र स्थानिय तहहरुका कृषि सेवाका प्राविधिक कर्मचारीहरुको विद्यमान कार्यदक्षता अभिवृद्धि गर्न कृषि तथा पशु सेवा तालिम केन्द्रलाई व्यवस्थित र आधुनिकिकरण गर्दै समसामयिक कृषि प्रविधि सम्बन्धी विषयगत र वस्तुगत तालिम, कृषक पाठशाला सहजिकरण तालिमका साथै वृत्ति विकाससंग सम्बन्धित सेवाकालिन तालिम प्रदान गर्ने व्यवस्था समेत मिलाइनेछ।

२२. प्रदेशभित्रका सरकारी फार्म/श्रोत केन्द्र/ तालिम केन्द्रहरुको लक्ष्य तथा सेवा विस्तार गर्न पूर्वाधार सुदृढीकरण र आधुनिकीरण गरी नवप्रवर्तन केन्द्र (Technical Innovation Centre) तथा प्रयोगशालालाई परीक्षण अन्वेषण तथा विश्लेषण केन्द्र (Examination, Invention and Analysis center) को रुपमा विकास गर्दै जाने र सोको लागि प्रदेश भित्र कार्यक्षेत्र वनाई काम गर्ने I/NGO हरुसंग समन्वय गरी जनशक्तिको क्षमता विकास गरी कृषि विकासमा विशेष पहल गरिनेछ।

२३. रैथाने वालीनाली/ पशुपन्छी र मत्स्य क्षेत्रको जैविक विविधता संरक्षणका लागी स्थानिय जातका वाली/पशुपन्छी तथा मत्स्यको संरक्षण, प्रवर्द्धन तथा उपयोगका लागि आवश्यक कार्यक्रम संचालन गरिनुका साथै जंगली वनजन्तुका कारणवाट कृषि वालीनालीहरुमा हुने हानी नोक्सानी जस्ता समस्या समाधान गर्न विशेष पहल गरिनेछ।

२४. संविधानप्रदत प्रदेशको अधिकारमा रहेको भूमि व्यवस्थापन कृषि तथा पशुपंछी विकास/ सहकारी परिचालन कार्य संचालन गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न संगठन र व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी प्रदेशमा जनशक्ति उत्पादनको लागि सांगठनिक संरचना तयार गरिनेछ ।

२५. अनुदानका कृषि कार्यक्रमहरुमा लक्षितवर्गको पहुँच बढाउन, अनुदान माथिको निर्भरता क्रमिक रुपले घटाउँदै अनुदान परिचालनमा देखिएका विद्यमान कमि कमजोरीहरुलाई सुधार गर्दै कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अनुदान सहयोग खाद्यपोषण सुरक्षा तथा साना र सिमान्तकृत कृषक, व्यवसायीहरुका लागि मात्र लक्षित गर्ने र अन्य लक्षित अनुदानहरुलाइ सहुलियतपूर्ण ऋणका माध्यमले परिचालन गर्ने गरि समग्र अनुदान परिचालन प्रणालीलाई कानूनद्वारा व्यवस्थित गरिनेछ।

२६. प्रदेशको सहकारी अभियानलाई थप व्यवस्थित र सुदृढ बनाउन सम्बद्ध सरोकारवालासँगको परामर्शमा "प्रादेशिक सहकारी प्रबर्द्धन नीति" तर्जुमा गरि जारी गर्नुका साथै प्रदेश सहकारी कानुनका लागी आवश्यक नियमावली तर्जुमा गरि लागु गर्ने आवश्यक सांगठनिक संरचना खडा गरिनेछ ।

२७. उपभोक्ताहरुलाई स्वच्छ तथा स्वस्थ्यकर माछा मासु उपलब्धता सुनिश्चित गराउन स्थानिय तहको सहकार्यमा वातावरणमैत्री वधस्थल निर्माण/बजार स्थापना जस्ता कार्यमा सहयोग उपलब्ध गराईनेछ ।

२८. इट्टाउद्योगका खाल्डोहरुमा मत्स्यपालन (Aqua culture), वाझोँ रहेका/वाढी प्रभावित क्षेत्र तथा नदी उकास जग्गामा किसानलाई उपयुक्त हुने खेती प्रणालीको अवलम्वन गरिनेछ ।

२९. वैदेशिक रोजगारवाट फर्किएका युवायुवतीहरुलाई प्रदेशमा व्यवसायिक खेती तथा पशुपंछी/मत्स्यपालनमा प्रणालीमा संलग्न गराई रोजगारीका अवसर प्रदान गरिनेछ ।

३०. वागवानी क्षेत्रका फलफुलहरु (आपँ/केरा/अम्वा/अनार/मेवा आदि) र तरकारीहरु जस्ता वालीनालीहरुमा लाग्ने विभिन्न किसिमका रोगकिरा तथा अन्य समस्याहरुका सम्वन्धमा विशेष अनुसन्धान गरी किसानहरुलाई उपयुक्त विधिहरुको प्रचार प्रसार गरिनेछ।

३१. किसानहरुलाई कृषि पुर्वाधार सम्वन्धी प्राविधिक सेवा प्रदान गर्न प्रत्येक जिल्लाहरुमा कृषि इन्जिनियरको व्यवस्था गरिनेछ ।

।।। धन्यवाद ।।।